# घ्याङलेख गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

मिति २०७७ साल मंसिर १० गते शुक्रबार

वैठकका प्रस्ताव तथा निर्णयहरु

**वैठकका प्रस्तावहरु :**

१. भूमि सम्वन्धी समस्या समाधान आयोग र यस कार्यालय वीच भएको समझदारी पत्र सम्वन्धमा ।
२. कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा ।
३. कृषि विकास समिति गठन गर्ने सम्वन्धमा ।
४. लघु उधम विकासका कार्यक्रमहरु संचालन गर्ने र उद्यम विकास समिति गठन गर्ने सम्वन्धमा ।
५. लघु उद्यम विकास कार्यक्रम संचालनको लागि वडा छनौट गर्ने सम्वन्धमा ।
६. राष्ट्रिय योजना आयोगको मिति २०७७।८।३० को प्रदेश र स्थानीय तहमा आ.व. २०७८।०७९ का लागि संघीय समपुरक तथा विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना । कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना सम्वन्धमा ।
७. ज्यालादारीमा कर्मचारी राख्ने बारे ।
८. पालिकाको गीतको गीतकार, गीत छनौट समिति, गायक गायिका, कोरस गायकहरु तथा संगीतकार र एरेन्जरहरुलाई पारिश्रमिक भुक्तानी दिने सम्वन्धमा ।
९. जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता अभिबृद्धि तालिम दिने सम्वन्धमा ।
१०. युवा स्वरोजगार कार्यक्रम छनौट गर्ने बारे ।
११. गाउँ बस्तुगत विवरण (प्रोफाईल) र आवधिक योजना, मध्यमाञ्चल खर्च संरक्षण संरचना तयार गर्ने र बजेट व्यवस्थापन गर्ने सम्वन्धमा ।
१२. गाउँ सभा गर्ने ।
१३. विविध सम्वन्धमा ।

**वैठकका निर्णयहरु :**

१. भूमि सम्वन्धी समस्या समाधान आयोग र यस कार्यालय वीच मिति २०७७ साल मंसिर २५ गते भएको समझदारी पत्रका बारेमा जानकारी भयो । सो अनुसार भूमि सम्वन्धी समस्या समाधानको लागि स्थानीय तहले निर्वाह गर्नु पर्ने जिम्मेबारी अनुसार कार्य सम्पन्न गर्न भूमि समस्या सम्वन्धी समाधान कार्यको लागि आवश्यक कर्मचारी खटाउने र ईकाई स्थापना गरी तोकिए बमोजिमका कार्य गर्न प्रशासनि खर्च आउदो गाउँ सभामा प्रस्ताव गरी कार्य संचालन गर्ने निर्णय गरियो ।

२. घ्याङलेख गाउँपालिकाबाट संचालन हुने कृषि विकास सम्वन्धी कार्यक्रमहरुलाई व्यवस्थित गर्नको लागि कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

३. कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को दफा ३ को उपदफा ख) बमोजिम तपसिल अनुसारको कृषि विकास समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

क) गाउँपालिका प्रमुखले तोकेको गाउँपालिकाका सदस्य श्री दुर्गादेवी सुनुवार - संयोजक
ख) गाउँपालिका प्रमुखले तोकेको कार्यपालिकाका महिला सदस्य- श्री यमकुमारी दमाई



| जगत बहादुर भोलन | राम कुमार कार्की | दुर्गादेवी सुनुवार |
| --- | --- | --- |
| अध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष |

ग) गाउँपालिका प्रमुखले तोकेको वडा अध्यक्ष श्री रामकाजी वाइवा- सदस्य
घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
ङ) गाउँपालिका भित्रका कृषि, उद्योगी, व्यवशायी र एग्रोभेट मध्येबाट श्री देबराज सिंजाली- सदस्य
च) गाउँपालिका अन्तर्गत रहेको वित्तीय एवं कृषि सहकारी संस्थाबाट श्री भीम वहादुर स्याङतान- सदस्य
छ) पशु विकास शाखा प्रमुख श्री रुपनारायण श्रेष्ठ-सदस्य
ज) कृषि विकास शाखा प्रमुख श्री छिरिङ दोर्ज लामा-सदस्य सचिव

४. चालु आ.व.को संघीय सरकारबाट हस्तान्तरित सशर्त बजेट तर्फको लघु उद्यम विकास कार्यक्रम संचालनका लागि विनियोजन भएको रकमबाट कार्यक्रम संचालनका लागि गरिबी निबारणका लागि लघु उद्यम बिकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा ५२ बमोजिम तपसिल अनुसारको उद्यम विकास समिति गठन गर्ने निर्णय गरियो ।

क) गाउँपालिका अध्यक्ष श्री जगत वहादुर भोलन- संयोजक
ख) आर्थिक विकास समिति संयोजक श्री रामकाजी वाइवा- सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य
घ) संयोजकले तोकेको महिला प्रतिनिधि श्री हिमाली माया वि.क- सदस्य
ङ) स्थानीय स्तरमा रहेका लघु उद्यमी मध्ये संयोजकले तोकेको महिला उद्यमी श्री सानुमाया लो- सदस्य
च) स्थानीयस्तरमा भएका उद्योग व्यवशायी संघ संस्था मध्ये सयोजकले तोकेको प्रतिनिधि श्री शैलजा स्याङतान- सदस्य
छ) शाखा प्रमुख श्री प्रकाश खतिवडा - सदस्य सचिव

५. लघु उद्यम विकास कार्यक्रम संचालनको लागि वडा नं.१,२ र लाई छनौट गर्ने निर्णय गरियो ।

६. राष्ट्रिय योजना आयोगको मिति २०७७।८।३० को प्रदेश र स्थानीय तहमा आ.व. २०७८।०७९ का लागि संघीय समपुरक तथा विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना । कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना अनुसार यथाशीघ्र तपसिल अनुसारको योजना छनौट भएको डि पि आर लगायतका सबै प्रक्रिया पुरा गरी तोकिएको अवधि भित्र योजना पठाउने निर्णय गरियो ।

तपसिल

१.घ्याङलेख गाउँ कार्यपालिकाको प्रशासकीय भवन निर्माण (समपुरक अनुदानबाट संचालन हुने गरी)
२. चन्दनपुर, सल्ले, केराबारी, गैह्री, भैसे,बस्तीपुर सातदोबाटो सडक निर्माण (समपुरक अनुदान)
३. महिला, बालबालिका, अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकका लागि हेरचाह गृह (सेफ हाउस) निर्माण (विशेष अनुदानबाट कार्यान्वय हुने गरी)

७. यस गाउँपालिकामा रिक्त रहेको कार्यालय सहयोगी संख्या २ र वडा नं. ३ र ४ मा रिक्त रहेको सहायक कम्प्यूरट अपरेटर पदको कार्य गर्न हाललाई ज्यालादारीमा सेवा करार सम्झौता गरी कर्मचारी राख्ने निर्णय गरियो ।

८.मिति २०७७ साल आश्विन २६ गतेको निर्णय अनुसार पालिकाको गीत तयार गर्ने गीतकारलाई पुरुस्कार स्वरुप कर बाहेक जनही रु.५,०००।-नेपाली गीतका छनौट समितिका संयोजक डा.कृष्णहरि बराललाई रु. १०, ०००।- र अन्य गीत छनौट समितिका पदाधिकारीहरुलाई जनही रु. ५,०००।- का

२

जगत बहादुर भोलन
अध्यक्ष

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

दुर्गादेवी सुनुवार
उपाध्यक्ष

त्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मयूटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

दरले, नेपाली गीतका संगितकारलाई कर बाहेक रु. २०,०००।-, एरेन्जरलाई कर बाहेक रु. १०,०००।- बाद्यवादन समूहलाई कर बाहेक रु. १५,०००।-, पुरुष गायक स्वरुपराज आचार्यलाई कर बाहेक रु. ३०,०००।- गायिकलाई कर बाहेक रु. १५,०००।- कोरस गायन समूहलाई कर बाहेक रु. १०,०००।- स्टुडियो चार्ज रु. १२,०००।- र खाजा खर्च बापत रु. १०,०००।- र तामाङ भाषाको गीत छनौट समितिका पदाधिकारीहरुलाई जनही रु. ५,०००।- का दरले, गीतका संगितकारलाई कर बाहेक रु. १०,०००।-, एरेन्जरलाई कर बाहेक रु. १५,०००।- बाद्यवादन समूहलाई कर बाहेक रु. ५,०००।-, पुरुष गायक राजु बुद्ध लामालाई कर बाहेक रु. २५,०००।- गायिकलाई कर बाहेक रु. ५,०००।- कोरस गायन समूहलाई कर बाहेक रु. १०,०००।- स्टुडियो चार्ज रु. ८,०००।- र खाजा खर्च बापत रु. १०,०००।- भुक्तानी दिने निर्णय गरियो ।

९. जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता अभिबृद्धि तालिम दिन उत्कृष्ट मोटिभेटर र प्रशिक्षकलाई आमन्त्रण गरी तालिम दिने निर्णय गरियो ।

१०. युवा स्वरोजगार कार्यक्रम संचालन गर्नको लागि सबै वडाहरुले यथाशीघ्र बेरोजगारको सूची तयार गरी योजना छनौट गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

११. गाउँपालिकाको बस्तुगत विवरण (प्रोफाईल) र आवधिक योजना, मध्यमाञ्चल खर्च संरक्षण संरचना तयार गर्नको लागि विनियोजन भएको र प्रदेश नीति आयोगबाट प्राप्त रकम अपुग हुने भएकोले अपुग बजेट गाउँपालिकाको आउदो गाउँसभाबाट विनियोजन गरी गाउँपालिकाको बस्तुगत विवरण (प्रोफाईल) र आवधिक योजना, मध्यमाञ्चल खर्च संरक्षण संरचना तयार गर्ने निर्णय गरियो ।

१२. गाउँपालिकाको संशोधित नीति, कार्यक्रम र बजेट छलफल तथा स्वीकृतिका लागि यही आउदो २०७७ साल पौष २७ गते सोमबारका दिन दिनको ११.०० बजेट देखि गाउँ कार्यपालिकाको कार्यालयमा आठौं गाउँसभा गर्ने निर्णय गरियो ।

१३. गाउँसभाको तयारी तथा छलफलको लागि आउदो २०७७ साल पौष २४ गते दिनको ११. बजे कार्यपालिकाको बैठक गर्ने निर्णय गरियो ।

जगत बहादुर भोलन
अध्यक्ष

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

दुर्गादेवी सुनुवार
उपाध्यक्ष